# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश स्वास्थ्य सेवा, सातौं तहका पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २३८/२०७९/०८०** **मितिः-२०८०/१/२०**

आयोगको मिति २०७८/०७/२४ मा प्रकाशित सूचना अनुसार बढुवाका लागि छुट्याइएका देहायका पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति गर्नुपर्ने भएकाले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०२/२३ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। ज्येष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने ।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
६. न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२ बमोजिम र बढुवाको लागि सम्भाव्य उम्मेदवार गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७ बमोजिम भएको हुनुपर्ने।
७. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

| | |
|---|---|
| **दरखास्त बुझाउने स्थानः** | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा। |
| **दरखास्त दस्तुरः** | रु. १२००/- (एक हजार दुईसय रुपैया) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१०००० |
| **कार्यालय कोडः** | २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश) |
| **राजस्व शीर्षक नं.** | १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने । |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | १०/२०७९-८० | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं | ज्येष्ठता र कार्यसम्पादन मूल्यांकन | १ (एक) |
| २. | ११/२०७९-८० | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |

**थप जानकारीका लागिः ०६१-४६७८७३**

Website:- http://ppsc.gandaki.gov.np **E-mail:** gandakipsc2076@gmail.com